आज मिति २०८१ साल मंसिर २० गते विहिवारको दिन आमचोक गाउँपालिकाको अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा वसेको गाउँ कार्यपालिकाको वैठक देहाय बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

## उपस्थिति

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री निम्नुरी शेर्पा | |
| ४ | सदस्य | श्री गोपाल राई | |
| ५ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ६ | सदस्य | श्री राम प्रसाद राई | — |
| ७ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ८ | सदस्य | श्री नविन राई | |
| ९ | सदस्य | श्री सन्तोष राई | |
| १० | सदस्य | श्री रोशन मगर | |
| ११ | सदस्य | श्री बालदिप राई | |
| १२ | सदस्य | श्री सुक माया राई | — |
| १३ | सदस्य | श्री शान्ति राई | — |
| १४ | सदस्य | श्री सुजता प्रधान | |
| १५ | सदस्य | श्री भवानी विष्ट | |
| १६ | सदस्य | श्री मञ्जु भुजेल | |
| १७ | सदस्य | श्री गोविन्द परियार | |
| १८ | सदस्य (कार्यवाहक वडा अध्यक्ष) | श्री दुर्गा वहादुर विष्ट | |
| १९ | सचिव | श्री धन कुमार राई | |
| २० | प्रशासन शाखा प्रमुख | श्री राजेश राई | |

२०८१/८/२०

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

२०८१/८/२०

अशोक राई
अध्यक्ष

**प्रस्तावहरु**

१. विपन्न नागरिक आवास कार्यक्रम कार्यन्वयन सम्वन्धी कार्यविधि-२०८१ स्वीकृति सम्वन्धमा
२. कर्मचारी तहवृद्धि सिफारिस सिमिति गठन सम्वन्धमा
३. स्वास्थ्य तर्फको रिक्त दरवन्दीमा प्रदेश लोकसेवा आयोगलाई कर्मचारी माग सम्वन्धमा
४. पदमार्गमा आधारीत पर्यटन विकास परियोजना कार्यन्वयन समिति गठन सम्वन्धमा
५. ट्र्याक्टार चालकको करार विज्ञापन सम्वन्धमा
६. विपन्न नागरिक आवास कार्यक्रमको रकम बाँडफाँड सम्वन्धमा
७. जिविकोपार्जन सुधार कार्यक्रम सञ्चालन सम्वन्धमा
८. कफि खेति प्रवर्द्धन कार्यक्रम सञ्चालन सम्वन्धमा
९. आर्थिक आत्मानिर्भर कार्यक्रम सञ्चालन सम्वन्धमा
१०. चिया खेति कार्यक्रम र कफि खेति कार्यक्रमको सूचना प्रकाशन सम्वन्धमा
११. नागरिक उपचार कोष सहयोग अनुदान सम्वन्धमा
१२. आर्थिक सहायता सम्वन्धमा
१३. वडा नं. १० को वडा कार्यालय भवन भत्काउदा र स्थानन्तरण गर्दाको रकम भुक्तनी सम्वन्धमा
१४. कर्मचारीहरुको अध्ययन अनुमति स्वीकृत सम्वन्धमा
१५. आमचोक गाउँपालिकाको अंग्रेजी नाम एकिन गर्ने सम्वन्धमा

**निर्णयहरु**

**निर्णय नं.१**

प्रस्ताव नं. १ माथि छलफल भई विपन्न नागरिक आवास कार्यक्रम कार्यन्वयन सम्वन्धी कार्यविधि-२०८१ स्वीकृति स्वीकृत गर्ने ।

**निर्णय नं.२**

प्रस्ताव नं २ माथि छलफल भई कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन,२०८० को दफा २७ को उपदफा ४ वमोजिम कर्मचारीको तहवृद्धिका लागि सिफारिस गर्न तपशिल वमोजिमको तहवृद्धि सिफारिस सिमिति गठन गर्ने ।

तपशिल

- अध्यक्षः प्रमुख प्रशासकीय अधिकृत
- सदस्य : जनस्वास्थ्य निरिक्षक (अधिकृत स्तर छैठौं) श्री सरोज श्रेष्ठ
- सदस्यः जनस्वास्थ्य निरिक्षक (अधिकृत स्तर छैंठौ) श्री पुर्णकला मगर

**निर्णय नं.३**

प्रस्ताव नं. ३ माथि छलफल भई स्वास्थ्य तर्फको रिक्त दरवन्दीमा प्रदेश लोकसेवा आयोगलाई तपशिल वमोजिमको कर्मचारी माग माग गर्ने ।

| क्र.सं. | पद | तह | समूह | सेवा | माग संख्या |
|---|---|---|---|---|---|
| १ | हेल्थ असिस्टेण्ट | पाँचौ | हेल्थ इन्सपेक्सन | स्वास्थ्य | ४ |
| २ | अ हे व | चौथो | हेल्थ इन्सपेक्सन | स्वास्थ्य | २ |
| ३ | अ न मी | चौथो | पब्लिक नर्स | स्वास्थ्य | ६ |
| ४ | स्टाफ नर्स | पाँचौ | पब्लिक नर्स | स्वास्थ्य | २ |
| ५ | फिजियोथेरापिष्ट सहायक | पाँचौ | फिजियो थेरापी | स्वास्थ्य | १ |
| | जम्मा | | | | १५ |

प्रमुख प्रशासकीय अधिकृत २०८१/८/२०

अशोक राई अध्यक्ष २०८१/८/२०

**निर्णय नं.४**

प्रस्ताव ४ माथि छलफल भई प्रदेश सरकार,पर्यटन,वन तथा वातावरण मन्त्रालय,कोशी प्रदेश विराटनगर,नेपालको च.नं.४५७,मिति २०८१/७/५ को पत्र अनुसार पदमार्गमा आधारीत पर्यटन विकास परियोजना अन्तर्गत पदमार्गको निर्माण,पुनर्स्थापना र प्रवर्द्धन कार्यको कार्यन्वयन गर्न तपशिल वमोजिमको कार्यन्वयन समिति (Project Implementation Committee,PIC) गठन गर्ने ।

**तपशिल**

- गाउँपालिकाको अध्यक्ष श्री अशोक राई : अध्यक्ष
- प्रमुख प्रशासकीय अधिकृत श्री धन कुमार राई : सदस्य
- आर्थिक विकास समितिका संयोजक श्री रोशन मगर : सदस्य
- परियोजना क्षेत्रका वडा अध्यक्षहरु वडा नं. ६ का वडाध्यक्ष श्री वम वहादुर वस्नेत : सदस्य
- परियोजना क्षेत्रका वडा अध्यक्षहरु वडा नं. ५ का वडाध्यक्ष श्री राम प्रसाद राई : सदस्य
- परियोजना क्षेत्रका वडा अध्यक्षहरु वडा नं. ३ का वडाध्यक्ष श्री गोपाल राई : सदस्य
- परियोजना क्षेत्रका वडा अध्यक्षहरु वडा नं. २ का कावा वडाध्यक्ष श्री दुर्गा वहादुर विष्ट : सदस्य
- परियोजना क्षेत्रका वडा अध्यक्षहरु वडा नं.१ का वडाध्यक्ष श्री निम्नुरी शेर्पा : सदस्य
- योजना शाखा प्रमुख श्री मिनराज विष्ट : सदस्य सचिव

**निर्णय नं.५**

प्रस्ताव ५ माथि छलफल भई आमचोक गाउँपालिकाको ट्र्याक्टार चालक श्री अर्जुन सुवेदीले मिति २०८१ मंसिर १ गतेदेखि राजिनामा दिएकोले उक्त रिक्त पदमा करार सेवामा ट्याक्टर चालक छनौट गर्नको लागि ११ दिनको विज्ञापन आह्वान गर्ने ।

**निर्णय नं.६**

प्रस्ताव नं. ६ माथि छलफल भई आमचोक गाउँपालिकाको सोह्रौं गाउँसभाले विनियोजित नेपाल सरकार वित्तिय समानीकरण अनुदानको विपन्न नागरिक आवास कार्यक्रम अन्तर्गतको जम्मा रकम रु. २१७५०००। (अक्षेरुपी एक्काइसलाख पचहत्तर हजार) लाई तपशिल वमोजिम वाँडफाँड गर्ने ।

**तपशिल**

- आमचोक वडा नं ४ मा फुसको छानो हटाउने कार्यक्रमको लागि रु.१८,७५०००।(अठाह्रलाख पचहत्तरहार)
- आमचोक वडा नं ६ मा नागरिक आवास भवन निर्माण गर्नको लागि रु.३०००००।(तीनलाख)

**निर्णय नं.७**

प्रस्ताव नं. ७ माथि छलफल भई मानव विकास सुचकाँकमा पछाडी परेका स्थानीय तहमा राष्ट्रपति महिला सशक्तिकरण परियोजना अन्तर्गत जिविकोपार्जन सुधार कार्यक्रम सञ्चालन गर्नको लागि नेपाल सरकारवाट विनियोजित वजेट रु.८,९०,०००।(अक्षेरुपी आठलाख नव्वेहजार) को जिविकोपार्जन सुधार कार्यक्रम सञ्चालन सम्वन्धि मापदण्ड २०७७ वमोजिम कार्यक्रम कार्यन्वयन गर्नको लागि सहकारी संस्था, कृषक समूह र कृषि फर्महरु छनौटको लागि २१ दिने सूचना आह्वान गर्ने ।

२०८१/८/२० ०८१।८।२० अशोक राई अध्यक्ष

---

**<u>निर्णय नं.८</u>**

प्रस्ताव नं. ८ माथि छलफल भई प्रदेश सरकार शसर्त अनुदान तर्फ स्थानीय तहमा विनियोजित शसर्त अनुदान कार्यक्रम कार्यन्वयन कार्यविधि २०८१ वमोजिम कफि खेति प्रवर्द्धन कार्यक्रमको लागि विनियोजित वजेट रु.१०,००,०००।(अक्षेरुपी दशलाख) को कार्यविधि वमोजिम कार्यक्रम कार्यन्वयन गर्नको लागि सहकारी संस्था, कृषक समूह र कृषि फर्महरु छनौटको लागि २१ दिने सूचना आह्वान गर्ने ।

**<u>निर्णय नं.९</u>**

प्रस्ताव नं. ९ माथि छलफल भई प्रदेश सरकार शसर्त अनुदान तर्फ आर्थिक आत्मानिर्भर कार्यक्रमको लागि विनियोजित वजेट रु.१०,००,०००।(अक्षेरुपी दशलाख) को कार्यक्रम कार्यन्वयन गर्नको लागि कार्यविधि वमोजिम सहकारी संस्था, कृषक समूह र कृषि फर्महरु छनौटको लागि २१ दिने सूचना आह्वान गर्ने ।

**<u>निर्णय नं.१०</u>**

प्रस्ताव नं.१० माथि छलफल भई आमचोक गाउँपालिकाको गाउँसभाले विनियोजित चिया खेति कार्यक्रमको लागि रु.१०,००,०००। र कफि खेति कार्यक्रमको लागि रु.१०,००,०००। रकमवाट ५० प्रतिशत अनुदानमा कार्यक्रम सञ्चालन गर्ने गरी ४/४ वटा सहकारी संस्था, कृषक समूह र कृषि फर्महरु छनौटको लागि २१ दिने सूचना आह्वान गर्ने ।

**<u>निर्णय नं.११</u>**

प्रस्ताव नं.११ माथि छलफल भई आमचोक गाउँपालिकाको नागरिक उपचार कोष सञ्चालन कार्यविधी-२०७९ को दफा ९ को उपदफा(१) वमोजिम पालिकास्तरीय सिफारिस समितिद्वारा उपदफा ३ (ख) अनुसार दफा ४ वमोजिमको उपचार कोष प्राप्त गर्ने व्यक्तिलाई आवश्यक कागजात सहित सिफारिस भई आएकोले कार्यविधिको दफा ६ को उपदफा (३) बमोजिम तपशिल वमोजिम गाउँसभाले विनियोजित नागरिक उपचार कोषवाट उपचार खर्च रु.१०००००/१०००००। गरि जम्मा रु.७०००००।(अक्षेरुपी सातलाख मात्र) उपलव्ध गराउने ।

<u>तपशिल</u>

| क्र.सं. | सिफारीस गरीएको बिरामिको नाम | ठेगाना | नागरिक्ता प्रमाण पत्र नम्वर वा जन्म दर्ता नम्वर | रोगको नाम | रोग पत्ता लागि उपचार भएकोउपचाररत रहेको / अस्पताल |
|---|---|---|---|---|---|
| १ | सुस्मा राई(महिला) वर्ष ३० | आमचोक-१० | ०९३०६३/५७८ | cancer | BPKIHS Dharan |
| २ | समिर राई (पुरुष) वर्ष १६ | आमचोक-१० | जन्म दर्ता प्र.प.नं. पाङ्चा २२ (क) | cancer | Shree Birendra Hospital Chhauni |
| ३ | नविन कुमार राई(पुरुष) वर्ष ४३ | आमचोक-१० | ६६५/१७०७/४८८३ | Cancer | Birat teaching hospital Biratnagar |
| ४ | रमा श्रेष्ठ (महिला) वर्ष ३० | आमचोक-१० | ०९१०६२/१४८ | मस्तिष्क घात भई सल्यकृया भएको | Nobel medical college Biratnagar |
| ५ | पुजा जोशि(महिला) वर्ष २६ | आमचोक-९ | ०९-०१-७३-०२६५३ | Cancer | BPKIHS Dharan |
| ६ | भिम बहादुर मगर(पुरुष) वर्ष ७१ | आमचोक-९ | ६७८/३७४० | cancer | BPKIHS Dharan |
| ७ | साईना श्रेष्ठ(वालिका) वर्ष १ | आमचोक-९ | जन्म दर्ता प्र.न. २०७९११०२०५६८१ | Cancer | भरतपुर क्यान्सर अस्पताल |

प्रमुख प्रशासकीय अधिकृत
२०७१/८/२०

०८१/८/२०
अशोक राई
अध्यक्ष

**निर्णय नं.१२**

प्रस्ताव नं. १२ माथि छलफल भई सुन्दर हरैँचा नगरपालिका वडा नं ११ निवासि श्याम कुमार चौधारीको पत्नी नागरिक्ता नम्वर १००/१४५६ को सिता चौधारीको दुवै मृगौला फेल भइ नोवेल अस्पताल विराटनगरमा उपचारत भएको र आर्थिक अवस्था कम्जोड भएको वडाको सिफारिस वमोजिम रु.१००००।(दश हजार) नेपाल सरकार राजश्व अनुदानको अन्य सहायता शिर्षक वाट आर्थिक सहायता दिने ।

**निर्णय नं.१३**

प्रस्ताव नं. १३ माथि छलफल भई आमचोक गाउँपालिका वडा नं.१० को पुरानो वडा कार्यलय भवन भत्काई नया वडा कार्यालय भवन निर्माणाधिन रहेको र पुरानो वडा कार्यालय भवन भत्काई उद्यम विकास भवनमा वडा कार्यलयको सामग्री ओसार पसार गर्दा भएको रु.२२०९६८। (वाइसहजार नौसय अठ्सठी मात्र) खर्च नेपाल सरकार राजश्व अनुदानको निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च शिर्षकवाट भुक्तानी दिने ।

**निर्णय नं.१४**

प्रस्ताव नं. १४ माथि छलफल भई आमचोक गाउँपालिकामा कार्यरत कर्मचारीहरुको निवेदन वमोजिम माथिल्लो तह अध्ययन गर्नको लागि तपशिल वमोजिम स्वीकृति दिने ।

क) स्वास्थ्य शाखा प्रमुख श्री महिनारायण चौधारीलाई कार्यालयको काम्मा वाधा नपर्ने गरी चिकित्सा शिक्षा स्नाकोत्तर तहको भर्नाको लागि एकिकृत परिक्षामा सहभागी हुन स्वीकृति दिने ।

ख) असिस्टेन्ट सव इन्जिनियर श्री प्रमोद राईको Bachelor in Civil Engineering को दोश्रो सेमिस्टारको परिक्षाको लागि घर विदावाट कट्टा हुने गरी मिति २०८१/८/२७ देखि २०८१/९/११ सम्म १५ दिनको विदा स्वीकृत गर्ने ।

ग) असिस्टेन्ट सव इन्जिनियर श्री मिन विष्टलाई कार्यालयको काम्मा वाधा नपर्ने गरी Bachelor in Civil Engineering अध्ययन गर्नको लागि स्वीकृति दिने ।

**निर्णय नं.१५**

प्रस्ताव नं. १५ माथि छलफल भई आमचोक गाउँपालिकाको अंग्रेजी नाम AAMCHOK RURAL MUNICIPALITY हुनु पर्नेमा AAMCHOWK RURAL MUNICIPALITY प्रयोग भइरहेकोले आमचोक गाउँपालिकाको अंग्रेजी नाम AAMCHOK RURAL MUNICIPALITY कायम गरी सम्वन्धित निकायहरुमा संसोधनको लागि अनुरोध गरि पठाउने ।

२०८१/८/२०

०८१/८/२०